नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नीति योजना तथा अनुगमन महाशाखा

(४- २६२५४३

पत्र संख्या ०७८/७९

च.न. 2469

रामशाहपथ, काठमाडौं,

मिति: २०७९।०३।२८

**बिषय:** सहमती सम्बन्धमा ।

श्री भरतपुर अस्पताल,

भरतपुर, चितवन ।

प्रस्तुत बिषयमा तहाँ अस्पतालको च.नं १३६२ मिति २०७८।०८।१७ को पत्रसाथ तँहा अस्पतालले तयार गरी यस मन्त्रालयमा पेश गरेको भरतपुर अस्पताल करार कार्यविधि २०७९ मा सहमती प्रदान गरिएको व्यहोरा यस मन्त्रालय (सचिवस्तर) को मिति २०७९।०३।२८ को निर्णयानुसार अनुरोध छ ।

(शकुन्तला प्रजापति)

बरिष्ठ अस्पताल नर्सिङ्ग प्रशासक

# भरतपुर अस्पताल करार तथा ज्यालादारी सेवा कार्यविधि, २०७९

प्रस्तावना: भरतपुर अस्पताल विकास समिति गठन आदेश, २०७६ को दफा ११ को उपदफा (४) को व्यवस्था बमोजिम भरतपुर अस्पतालको सेवा सञ्चालनका लागि आवश्यक पर्ने पदमा करार तथा ज्यालादारी मा नियुक्ति गर्ने तथा निजहरुको सेवा सुविधा का सम्बन्धमा कार्यविधि निर्धारण गर्न आवश्यक भएकोले,

भरतपुर अस्पताल विकास समितिले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "भरतपुर अस्पताल करार तथा ज्यालादारी सेवा कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अख्तियारवाला" भन्नाले अस्पतालको कार्यकारी निर्देशक\प्रमुख मेडिकल सुपरिटेन्डेण्ट वा निजले करार सेवामा नियुक्ति गर्ने अधिकार दिएको अधिकारी सम्झनु पर्छ ।

(ग) "अस्पताल" भन्नाले भरतपुर अस्पताल सम्झनु पर्छ ।

(घ) "करार सेवा" भन्नाले निश्चित अवधि तोकी सम्झौताको आधारमा गरिने करार सेवा सम्झनु पर्छ ।

(घ१) 'दैनिक ज्यालादारी कर्मचारी' भन्नाले अस्पतालमा दैनिक ज्यालादारीको रुपमा काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ङ) "पदपूर्ति समिति" भन्नाले दफा ६ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले स्वस्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले भरतपुर अस्पताल विकास समिति गठन आदेश, २०७६ को दफा ३ बमोजिम गठित भरतपुर अस्पताल विकास समिति सम्झनु पर्छ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भरतपुर अस्पताल चितवन

मेडिकल सुपरिन्टेण्डेन्ट

## भरतपुर अस्पताल करार तथा ज्यालादारी सेवा कार्यविधि, २०७९

प्रस्तावना: भरतपुर अस्पताल विकास समिति गठन आदेश, २०७६ को दफा ११ को उपदफा (४) को व्यवस्था बमोजिम भरतपुर अस्पतालको सेवा सञ्चालनका लागि आवश्यक पर्ने पदमा करार तथा ज्यालादारी मा नियुक्ति गर्ने तथा निजहरुको सेवा सुविधा का सम्वन्धमा कार्यविधि निर्धारण गर्न आवश्यक भएकोले,

भरतपुर अस्पताल विकास समितिले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "भरतपुर अस्पताल करार तथा ज्यालादारी सेवा कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अख्तियारवाला" भन्नाले अस्पतालको कार्यकारी निर्देशक\प्रमुख मेडिकल सुपरिटेन्डेण्ट वा निजले करार सेवामा नियुक्ति गर्न अधिकार दिएको अधिकारी सम्झनु पर्छ ।

(ग) "अस्पताल" भन्नाले भरतपुर अस्पताल सम्झनु पर्छ ।

(घ) "करार सेवा" भन्नाले निश्चित अवधि तोकी सम्झौताको आधारमा गरिने करार सेवा सम्झनु पर्छ ।

(घ१) 'दैनिक ज्यालादारी कर्मचारी' भन्नाले अस्पतालमा दैनिक ज्यालादारीको रुपमा काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ङ) "पदपूर्ति समिति" भन्नाले दफा ६ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले स्वस्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले भरतपुर अस्पताल विकास समिति गठन आदेश, २०७६ को दफा ३ बमोजिम गठित भरतपुर अस्पताल विकास समिति सम्झनु पर्छ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भरतपुर अस्पताल चितवन

मेडिकल सुपरिन्टेण्डेन्ट

## परिच्छेद–२

## करार सेवामा नियुक्ति सम्बन्धी व्यवस्था

३. करार सेवामा नियुक्ति गर्न सकिनेः (१) देहायको अवस्थामा कार्यकारी निर्देशक \ प्रमुख मेडिकल सुपरिटेन्डेण्टले समितिको स्वीकृति लिई करार सेवामा कर्मचारी नियुक्त गर्न सक्नेछः-

(क) अस्पतालमा कर्मचारी अत्यावश्यक परेमा,

(ख) अस्पतालमा निश्चित कार्यक्रम कार्यान्वयनको लागि दरबन्दी खाली भएमा,

(ग) आवश्यक योग्यता पुगेको व्यक्ति नभएमा,

(घ) अस्पतालको रिक्त दरबन्दी मध्येबाट खुला प्रतियोगिता तर्फ छुट्याइएको पदमा स्थायी पदपूर्ति प्रकृया अघि बढी सकेकोमा स्थायी पूर्ति नभएसम्मका लागि अस्पताललाई तत्काल कर्मचारीको आवश्यकता परेमा ।

४. सार्वजनिक सूचना प्रकाशन गर्नेः (१) करार सेवामा कर्मचारी लिनका लागि आवश्यक पदसङ्ख्या र न्यूनतम योग्यता समेत स्पष्ट खुलाई र दरखास्त पेश गर्न कम्तीमा सात दिनको म्याद दिई समितिले अनुसूची -१ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना बमोजिम दरखास्त पेश गर्न इच्छुक उम्मेदवारले अनुसूची -२ को ढाँचामा अस्पतालमा दरखास्त पेश गर्नु पर्नेछ ।

५. योग्यताः (१) दफा ३ बमोजिम दरखास्त पेश गर्न चाहने उम्मेदवारले सम्बन्धित पदका लागि न्यूनतम शैक्षिक योग्यता र देहाय बमोजिमको योग्यता हासिल गरेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) सहायको तहको पदमा अठार वर्ष उमेर पूरा भई पैंतालीस वर्ष उमेर ननाघेको,

(ग) अधिकृत तहको पदमा एक्काईस वर्ष उमेर पूरा भई पैंतालीस वर्ष उमेर ननाघेको,

(घ) भविष्यमा सरकारी वा सार्वजनिक सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, वन्यजन्तुको ओसार पसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण, शरीर बन्धक

मेडिकल सुपरिन्टेण्डेन्ट

सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(च) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

६. पदपूर्ति समितिः अस्पतालमा रिक्त पदमा कर्मचारी छनौट गरी करार सेवामा पदपूर्तिको लागि समिति समक्ष सिफारिश गर्न देहाय बमोजिमको एक पदपूर्ति समिति रहनेछः-

(क) अस्पतालको कार्यकारी निर्देशक\प्रमुख मेडिकल सुपरिटेन्डेण्ट - अध्यक्ष

(ख) मन्त्रालयको कम्तीमा उपसचिवस्तरको प्रतिनिधि- सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत स्तरको प्रतिनिधि-सदस्य

(घ) समितिले तोकेको विज्ञ -सदस्य

(ङ) अस्पतालको प्रशासन शाखाको प्रमुख वा कार्यकारी निर्देशकले तोकेको अधिकृत स्तरको कर्मचारी –सदस्य -सचिव

७. उम्मेदबारको परीक्षण एवं सिफारिस सम्बन्धी व्यवस्थाः (१) दफा ४ बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारहरु मध्येबाट पदपूर्ति समितिले प्रतिस्पर्धा गराई योग्य र उपयुक्त उम्मेदवार छनौट गर्नु पर्नेछ ।

(२) यस दफा बमोजिम पदपूर्ति समितिले आवश्यकतानुसार लिखित र प्रयोगात्मक वा मौखिक परीक्षा लिने गरी प्रकृया निर्धारण गर्न सक्नेछ।

८. अन्तर्वार्ताः (१) यस दफा बमोजिम उम्मेदवार छनौटको लागि अन्तर्वार्ता लिंदा पदपूर्ति समितिले अनुसूची-३ र अनुसूची-४ बमोजिमका मूल्याङ्कन फाराम प्रयोग गर्नु पर्नेछ । साथै पदपुर्ति समितिले आवश्यक पर्ने अन्य मूल्याङ्कन फाराम समेत निर्धारण गरी प्रयोग गर्न सक्नेछ ।

(२) कुनै उम्मेदवारसँग पदपूर्ति समितिका पदाधिकारीको नजिकको नाता पर्ने भएमा त्यस्तो पदाधिकारी त्यस्तो पदको अन्तर्वार्तामा सहभागी हुनु हुँदैन र सो प्रयोजनको लागि अन्तर्वार्ता अघि स्वयं घोषणा गर्नु पर्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "नजिकको नाता" भन्नाले बाबु, आमा, पति, पत्नी, छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजु-बुहारी, आमाजु, नन्द, जेठाजु, देवर, जेठानी, देउरानी, कांका-काकी, ठूलोबुबा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाई, मामा-माइजु, फुपु-फुपाजु, साला-साली र तीनका छोराछोरी सम्झनु पर्छ ।

(३) उपदफा (२) विपरीत पदपूर्ति समितिका पदाधिकारी अन्तर्वार्ता प्रकृयामा सहभागी भएमा त्यस्तो पदको अन्तर्वार्तामा निजले गरेको मूल्याङ्कन रद्द हुनेछ ।

(४) यस दफा बमोजिम लिइने अन्तर्वार्तामा निर्धारित कुल अङ्कको सत्तरी प्रतिशत भन्दा बढी वा चालीस प्रतिशत भन्दा कम अङ्क दिन पाइने छैन । सो भन्दा घटी वा बढी अङ्क दिनु परेमा सोको स्पष्ट कारण खोल्नु पर्नेछ । कारण नखोली घटी वा बढी अङ्क दिएमा वा समितिका कम्तीमा पचास प्रतिशत सदस्यले यसरी कारण नखोलेको अवस्थामा बढीमा सत्तरी र घटीमा चालीस प्रतिशत अङ्क मात्र कायम हुनेछ ।

९. नतिजा प्रकाशन गर्नु पर्ने: (१) पदपूर्ति समितिले यस कार्यविधि बमोजिम छनौट भएका उम्मेदवारको योग्यताक्रम अनुसारको सूची अनुसूची -५ को ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार सेवाका लागि छनौट भएका उम्मेदवारलाई करार सम्झौताका लागि अस्पतालमा सम्पर्क राख्न कम्तीमा सात दिनको म्याद सहितको सूचना दिनु पर्नेछ ।

१०. करार सेवा सम्झौता सम्बन्धी व्यवस्था: (१) दफा ९ बमोजिम छनौट भई सूचनाको म्याद भित्र उपस्थित भएका व्यक्तिसँग अख्तियारवालाले करार सेवा सम्झौता गरी निजलाई करारमा नियुक्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अविधिभित्र छनौट भएको उम्मेदवार सम्पर्क राख्न नआएमा बैकल्पिक उम्मेदवारसँग सम्पर्क गरी पाँच दिनभित्र करार सेवा सम्झौता गरी करारमा नियुक्ति दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम करारमा नियुक्ति दिइएको पद वा अस्पतालमा पहिलेदेखि नै करारमा कार्यरत रहेका सोही पद उपदफा (१) बमोजिम सूचना प्रकाशन भएको मितिले छ महिनाभित्र रिक्त भएमा वैकल्पिक उम्मेदवारलाई सम्पर्क गरी निजसँग करार सम्झौता गरी करारमा नियुक्ति दिन सकिनेछ ।

(४) यस दफा बमोजिम करार सेवा सम्झौता गर्दा अन्य कुराका अतिरिक्त देहायका विषय समेत खुलाउनु पर्नेछ:-

(क) करार सेवा सम्झौताको अधिकतम अवधि,
(ख) करार सेवामा रही गर्नुपर्ने कामको विवरण,
(ग) सेवाका शर्त, सुविधा तथा विदा,
(घ) करार भङ्ग हुने अवस्था ।

(५) यस दफा बमोजिम गरिने करार सेवा सम्झौताको ढाँचा अनुसूची-६ बमोजिम र करार नियुक्तिको ढाँचा अनुसूची-७ बमोजिम हुनेछ ।

११. करार सेवाको अवधि: यस कार्यविधि बमोजिमको करार सेवाको अवधि चालु आर्थिक वर्ष ननाघ्ने गरी बढीमा एक वर्ष हुनेछ ।

मेडिकल सुपरिन्टेण्डेन्ट

१२. करार सेवा समाप्त हुने: (१) कार्यकारी निर्देशक \ प्रमुख मेडिकल सुपरिटेन्डेण्टले देहायको अवस्थामा करारमा नियुक्त गरिएको कुनै कर्मचारीसँगको करार सम्झौता भङ्ग गरी करार सेवा समाप्त गर्न सक्नेछः-

(क) करार सेवामा लिईएको व्यक्तिको सेवा सन्तोषजनक नभएमा वा पदीय दायित्व बहन गर्न नसकेमा,

(ख) आचरण तथा अनुशासन सम्बन्धी विषयहरु तथा स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानूनमा उल्लेख भएका आचरण वा पदीय अनुशासन विपरीत कार्य गरेमा,

(ग) निर्धारित समयमा नियमित रुपमा अस्पतालमा उपस्थित नभएमा वा आफुलाई तोकिएको जिम्मेवारी अनुरुपको काम नगरेमा,

(घ) अध्ययन वा असाधारण विदामा बसेको कर्मचारीको पदमा करार सेवा रहेका कर्मचारीको हकमा त्यस्तो बिदामा बसेको कर्मचारी आफ्नो पदमा हाजिर भएमा,

(ङ) त्यस्तो पदमा स्थायी पदपूर्ति भएमा ।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिम कुनै कर्मचारीसँग गरिएको सम्झौता भङ्ग गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) करार सेवामा काम गर्ने कर्मचारीले कम्तीमा एक महिना अगाडि कार्यकारी निर्देशक\प्रमुख मेडिकल सुपरिटेन्डेण्टलाई सूचना दिई सेवाबाट अलग भएमा निजको करार सेवा स्वतः समाप्त हुनेछ ।

१३. करार सेवामा पूनः नियुक्ति दिन सक्ने: यो कार्यविधि प्रारम्भ हुनु अघि अस्पतालमा करार सेवामा कार्यरत कर्मचारीलाई अस्पतालको आवश्यकता र देहायको औचित्य खुलेको अवस्थामा कार्यकारी निर्देशकले एक पटकमा एक वर्षमा नबढ्ने गरी पुनः करार सेवामा नियुक्ति दिन सक्नेछः-

(क) निज कार्यरत पदमा स्थायी पदपूर्ति हुन नसकेको वा पदपूर्ति प्रकृया अघि बढी पदपूर्ति भई नसकेको,

(ख) निजको सेवा अस्पताललाई अत्यावश्यक भएको र सम्बन्धित विभागीय प्रमुखबाट सिफारिस भएको, र

(ग) कार्यसम्पादनमा औषतमा कम्तीमा असी प्रतिशत अङ्क प्राप्त गरेको ।

१३क. ज्यालादारीमा नियुक्तिः (१) समितितर्फ स्वीकृत दरवन्दीको कुनै पद रिक्त रहेको कारणबाट वा समितिबाट कुनै दरवन्दी सिर्जना गरी स्वीकृतीका लागि मन्त्रालयमा पत्राचार गरिएको

मेडिकल सुपरिन्टेण्डेन्ट

पदमा अस्पतालको कामको निमित्त तत्काल नियुक्ति नगरेमा सेवाको काममा गम्भीर असर पर्ने भएमा कार्यकारी निर्देशकले सो पदका लागि तोकिएको योग्यता पुगेको कुनै व्यक्तिलाई मासिक ज्यालादारीमा बढीमा छ महिना सम्मका लागि नियुक्ति गरी काम लगाउन सक्नेछन् यसरी नियुक्ति भएको जानकारी समितिलाई दिनुपर्नेछ ।

(२) मासिक ज्यालादारीमा कार्यरत कर्मचारीले सार्वजनिक विदा तथा सट्टा विदा पाउने छन् ।

## परिच्छेद–३
## विविध

१४. करार सेवामा रहने कर्मचारीको सेवा सुविधाः (१) करार सेवामा रहने कर्मचारीले जुन तहको पदमा नियुक्ति भएको हो त्यस्तो पद वा सो सरहको पदका लागि नेपाल सरकारले निर्धारण गरेको शुरु तलब स्केल बराबरको पारिश्रमिक र महङ्गी भत्ता वा अन्य भत्ता पाउने भएमा त्यस्तो भत्ता पाउनेछ ।

(२) करार सेवामा रही कम्तीमा छ महिना भन्दा बढी निरन्तर सेवा गर्ने कर्मचारीलाई प्रत्येक वर्ष एक महिनाको तलब बराबरको रकम चाडपर्व खर्च र नेपाल सरकारले तोकेको पोशाक बापतको रकम उपलब्ध गराईनेछ । पोशाक भत्ता प्रत्येक वर्षको चैत महिनाको तलबसँगै भुक्तानी गरिनेछ ।

(३) उपदफा (२) बमोजिम पोशाक वापतको रकम प्राप्त गर्ने कर्मचारीले अस्पतालमा कार्यरत रहने अवधिभर तोकिएको पोशाक लगाउनु पर्नेछ र तोकिएको पोशाक नलगाउने कर्मचारीलाई पोशाक भत्ता उपलब्ध गराउन अस्पताल बाध्य हुने छैन ।

(४) करार सेवाका कर्मचारीले सार्वजनिक बिदा बाहेक देहाय बमोजिमको विदा पाउनेछः-

(क) प्रत्येक महिनाको एक दिनका दरले घर बिदा,

(ख) प्रत्येक वर्ष छ दिन पर्व विदा,

(ख १) सार्वजनिक विदाको दिन काममा खटिनु परेको कर्मचारीले सो बापत सट्टा विदा पाउनेछ र त्यस्तो विदा सोही वर्षको चैत्र मसान्तभित्र लिई सक्नु पर्नेछ ।

(ग) आफ्नो कुल धर्म अनुसार आफै किरिया बस्नु परेमा पन्ध्र दिन किरिया विदा,

(घ) महिला कर्मचारी गर्भवती भएमा प्रसूति हुनु अघिपछि गरी अन्ठानब्बे दिन प्रसुति विदा (सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ वमोजिम),

मेडिकल सुपरिन्टेण्डेन्ट

(ङ) पुरुष कर्मचारीको पत्नी प्रसुति हुनु अघिपछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा ।

(च) सार्वजनिक विदाको दिन काममा खटिनु परेको कर्मचारीले सो बापत सट्टा विदा पाउनेछ र त्यस्तो विदा सोही वर्षको चैत्र मसान्तभित्र लिई सक्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम बिदामा बस्ने कर्मचारीले विदाको अवधिको पुरा तलब पाउने छ ।

(६) उपदफा (४) को खण्ड (ग) बमोजिम किरिया विदामा बसेको कर्मचारीले कार्यालयमा हाजिर भएको पन्ध्र दिन भित्र मृत्यु दर्ता प्रमाणपत्र तथा नाता प्रमाणित पेश गर्नु पर्नेछ ।

(७) उपदफा (४) को खण्ड (घ) वा (ङ) बमोजिम प्रसुति विदा वा प्रसुति स्याहार विदा लिने कर्मचारीले कार्यालयमा हाजिर भएको पन्ध्र दिन भित्र बच्चाको जन्म दर्ता प्रमाणपत्र पेश गर्नु पर्ने छ ।

(८) उपदफा (४) को खण्ड (घ) वा (ङ) बमोजिम प्रसुति विदा वा प्रसुति स्याहार विदा लिने कर्मचारीले पाँच हजार रुपैयाँ शिशु स्याहार भत्ता पाउनेछ ।

(९) कर्मचारीले सार्वजनिक बिदामा समेत काम काज गर्नु परेमा सार्वजनिक विदामा काम गरे वापत सट्टा बिदा पाउनेछ ।

(१०) उपदफा (४) को खण्ड (घ) र (ङ) बमोजिमको विदा र उपदफा (८) बमोजिमको सुविधा पहिलो दुई पटकको प्रसुतिको हकमा मात्र दिइनेछ ।

(११) विदा स्वीकृत नगराई अस्पतालमा अनुपस्थित हुने कर्मचारीले त्यस्तो अनुपस्थित भएको दिनको तलब भत्ता पाउने छैन ।

(१२) कर्मचारीले पाउने नाइट भत्ता, जोखिम भत्ता र सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(१२क) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएता पनि समितितर्फ करार सेवामा कार्यरत कुनै कर्मचारी नेपाल सरकारको निर्णयानुसार विकास समिति ऐन २०१३ वमोजिम गठित कुनै समितिको पदाधिकारीको रुपमा मनोनयन भएमा निजलाई त्यसरी मनोनयन भएको अवधि सम्म वेतलवी विदा प्रदान गर्न सकिनेछ । त्यसरी वेतलवी विदा स्वीकृत भएको अवधि सम्मको लागि स्वतः करार म्याद थप हुनेछ ।

१५. यो कार्यविधि प्रारम्भ हुनु अघि अस्पतालमा करार सेवामा कार्यरत कर्मचारीको हकमा समितिले निर्णय गरी विशेष सुविधा दिन सक्नेछ ।

मेडिकल सुपरिन्टेण्डेन्ट

तर दफा १२ को उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिम करार भङ्ग भएका कर्मचारीलाई त्यस्तो विशेष सुविधा दिइने छैन ।

१५क. यो कार्यविधि प्रारम्भ हुनु अघि अस्पतालमा अस्थायी सेवामा कार्यरत कर्मचारीलाई समितिले निर्णय गरी निजहरुको संचित विदा वापतको रकम भुक्तानी दिन सक्नेछ ।

१५ख. अस्पताल विकास समितितर्फ विगतदेखि दैनिक ज्यालादारी सेवामा कार्यरत रही दरवन्दी स्वीकृत नभएको वा करार तथा स्थायी रुपमा दरवन्दी पूर्ति भै सेवा अवधि समाप्त भएको कर्मचारीलाई समितिले निर्णय गरि निश्चित रकम गोल्डेन ह्याण्डसेकको रुपमा उपलब्ध गराउन सक्नेछ ।

१६. करार सेवामा रहेका कर्मचारीको जिम्मेवारी तोकिनेः करार सेवामा रहेका कर्मचारीको विज्ञताका आधारमा आवश्यकता अनुसार कार्यकारी निर्देशकले आन्तरिक रुपमा जिम्मेवारी तोक्नेछ ।

१७. कार्यविधिको व्याख्याः यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा समितिले आवश्यक व्याख्या गर्नेछ ।

१८. प्रचलित कानून बमोजिम हुनेः करार सेवामा कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

मेडिकल सुपरिन्टेण्डेन्ट

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
भरतपुर अस्पताल
चितवन

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

अनुसूची - १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

भरतपुर अस्पताल, भरतपुर, चितवन

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २० / / )

भरतपुर अस्पतालमा देहायको पदमा निम्नानुसारको योग्यता र अनुभव भएको कर्मचारी करार सेवामा राखु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य– विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालय वा वेवसाइट https://bharatpurhospital.gov.np/ बाट उपलब्ध हुनेछ ।

| पदको नाम | संख्या |
|---|---|
| | |
| | |

१. न्यूनतम योग्यताः

(क)

(ख)

(ग)

२. अनुभवः

(क)

(ख)

(ग)

३. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) उम्मेदवारको व्यक्तिगत विवरण,

(ग) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,

(घ) अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि,

मेडिकल सुपरिन्टेण्डेन्ट

(ङ) आवदेनसाथ पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

मेडिकल सुपरिन्टेण्डेन्ट

हालसालै हालसालै खिचेको पासपोर्ट

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने गरी फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्दस्तखत गर्ने

अनुसूची - २

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## भरतपुर अस्पताल, चितवन

### करार सेवाको दरखास्त फाराम

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | |
| | | नागरिकता नं: | जारी गर्ने जिल्ला | लिङ्ग: |
| | | | | मिति : |
| स्थायी ठेगाना | (क) जिल्ला | (ख) न.पा./गा.पा | (ग) वडा नं | |
| | (घ) टोल : | (ङ) मार्ग/घर नं. : | (च) फो नं. | |
| | | पत्राचार गर्ने ठेगाना : | ईमेल | |
| बाबुको नाम, थर : | | जन्म मिति : | (वि.सं.मा) | (ईस्वी संवतमा) |
| आमाको नाम थर: | | | | |
| बाजेको नाम, थर : | | हालको उमेर : | वर्ष | महिना |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्नुपर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तीमा २ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मिति: |

| कार्यालयले भर्ने: | |
|---|---|
| रसिद/भौचर नं. | रोल नं. |

मेडिकल सुपरिटेण्डेण्ट

| | | |
|---|---|---|
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

मेडिकल सुपरिटेण्डेण्ट

## भरतपुर अस्पताल, चितवन

### प्रवेशपत्र

**परीक्षार्थीले भर्ने:**

| | | |
|---|---|---|
| (क) विज्ञापन नं. | (ख) पदः | (ग) तहः |
| (घ) सेवा· | (ङ) समूह÷उपसमूहः | |
| (च) उम्मेदवारको | नाम, थरः<br>दस्तखतः | |

[illegible]

**अस्पताल कर्मचारीले भर्ने:**

यस अस्पतालबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

रोल नम्बर. ................................ परीक्षा केन्द्रः ................................

**उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु:**

1) परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।
2) परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।
3) लिखित परीक्षामा सफल उम्मेदवारहरुले अन्तरवार्ता दिन आउँदा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।
4) प्रवेशपत्र हराएमा, च्यातिएमा वा अरु कुनै कारणबाट नोक्सान भई काम नलाग्ने भएमा उम्मेदवारले यथाशक्य छिटो आवश्यक प्रमाण संलग्न गरी अस्पताल प्रशासनमा सम्पर्क राखी पचास रुपैयाँ दस्तुर तिरी अर्को प्रवेशपत्र लिन सक्नेछ ।
5) परीक्षा शुरु हुनुभन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्न दिइनेछ । वस्तुगत परीक्षा शुरु भएको १५०र मिनेट पछि र विषयगत परीक्षा शुरु भएको ३० मिनेट पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा सँगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन ।
6) परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आपूm साथ राख्नु हुँदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन ।
7) परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ ।
8) बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा अस्पताल जवाफदेही हुने छैन ।
9) उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपमा गर्नु पर्नेछ ।
10) अस्पतालले सूचनाद्वारा निर्धारण गरेको मितिमा परीक्षा सञ्चालन हुनेछ ।
11) कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नुपर्दा परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।
12) वस्तुगत परीक्षा शुरु भएको २० मिनेट र विषयगत परीक्षा शुरु भएको ४० मिनेट पूरा नभई उम्मेदवारलाई परीक्षा भवनबाट बाहिर जाने अनुमति दिइने छैन ।


## भरतपुर अस्पताल, चितवन

### प्रवेशपत्र

**परीक्षार्थीले भर्ने:**

| | | |
|---|---|---|
| (क) विज्ञापन नं. | (ख) पदः | (ग) तहः |
| (घ) सेवाः | (ङ) समूह÷उपसमूहः | |
| (च) उम्मेदवारको | नाम, थरः<br>दस्तखतः | |

[illegible]

**अस्पताल कर्मचारीले भर्ने:**

यस अस्पतालबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

रोल नम्बरः ................................ परीक्षा केन्द्रः ................................

**उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु:**

1) परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।
2) परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।
3) लिखित परीक्षामा सफल उम्मेदवारहरुले अन्तरवार्ता दिन आउँदा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।


१३

मेडिकल सुपरिटेण्डेन्ट

4) प्रवेशपत्र हराएमा, च्यातिएमा वा अरु कुनै कारणबाट नोक्सान भई काम नलाग्ने भएमा उम्मेदवारले यथाशक्य छिटो आवश्यक प्रमाण संलग्न गरी अस्पताल प्रशासनमा सम्पर्क राखी पचास रुपैयाँ दस्तुर तिरी अर्को प्रवेशपत्र लिन सक्नेछ ।

5) परीक्षा शुरु हुनुभन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्न दिइनेछ । वस्तुगत परीक्षा शुरु भएको १५ र मिनेट पछि र विषयगत परीक्षा शुरु भएको ३० मिनेट पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षा सँगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन ।

6) परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आपूm साथ राख्नु हुँदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुँदैन ।

7) परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ ।

8) बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा अस्पताल जवाफदेही हुने छैन ।

9) उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपमा गर्नु पर्नेछ ।

10) अस्पतालले सूचनाद्वारा निर्धारण गरेको मितिमा परीक्षा सञ्चालन हुनेछ ।

11) कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नुपर्दा परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।

12) वस्तुगत परीक्षा शुरु भएको २० मिनेट र विषयगत परीक्षा शुरु भएको ४० मिनेट पूरा नभई उम्मेदवारलाई परीक्षा भवनबाट बाहिर जाने अनुमति दिइने छैन ।

भरतपुर अस्पताल
चितवन

मेडिकल सुपरिन्टेण्डेन्ट

अनुसूची - ३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

भरतपुर अस्पताल, भरतपुर, चितवन

**अन्तर्वार्ता मुल्याङ्कन फाराम**

| | |
|---|---|
| बिज्ञापन नम्बरः | |
| सेवा/समूहः | |
| माग पदसंख्याः | |
| अन्तर्वार्ता मितिः | |

| | |
|---|---|
| पदः | |
| श्रेणी/तहः | |
| उम्मेदवार संख्याः | |
| पूर्णाङ्क : | |

| क.सं. | रोल नं. | उम्मेदवारको नाम, थर | सामान्य ज्ञान, विषय सम्बन्धी ज्ञान र व्यक्तित्व | | कैफियत |
|---|---|---|---|---|---|
| | | | प्रासाङ्क | | |
| | | | अङ्कमा | अक्षरमा | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

उपर्युक्त उम्मेदवारहरु कोही पनि मेरो बाबु, आमा, पति, पत्नी, छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजु-बुहारी, जेठाजु, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबाबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाई-भाई, भतिज-भतिजी, भान्जा-भान्जी, भिनाजु-ज्वाई, मामा-माइज्यू, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी नाता पर्दैनन् ।

मेडिकल सुपरिन्टेण्डेन्ट

अन्तर्वार्ता कर्ताको दस्तखत :

नाम थर :

दर्जा :

<u>द्रष्टव्य</u>

१ अन्तर्वार्ता लिइन लागेको पदको बिज्ञापनमा अन्तर्वार्ता समितिका अध्यक्ष तथा सदस्यहरुका माथि उल्लिखित कुनै नाता पर्ने भएमा त्यस्तो अन्तर्वार्ताकर्ताको उक्त समूहको सो दिनको अन्तर्वार्तामा भाग लिनु हुँदैन ।

२ मूल्याङ्कनकर्ताले चालीस प्रतिशतभन्दा कम र सत्तरी प्रतिशतभन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ । यसरी चालीस प्रतिशतभन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिएमा बहुमत सदस्यले दिएको मात्र मान्य हुनेछ । कारण नखुलाई चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशतभन्दा बढी अङ्क दिएकोमा घटीमा चालीस प्रतिशत र बढीमा सत्तरी प्रतिशत अङ्क कायम गरी गणना गरिनेछ ।

मेडिकल सुपरिन्टेण्डेन्ट

अनुसूची - ४

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

भरतपुर अस्पताल, भरतपुर, चितवन

## योग्यताक्रम फाराम

वि.नं.......................                                    पदः

सेवा/समूह/उपसमूहः                                    श्रेणी/तहः

मागपद संख्याः                                    उम्मेदवार संख्याः

अन्तर्वार्ता मितिः..........................                                    अन्तर्वार्तामा उपस्थित संख्याः

| क.सं. | रोल नं. | अन्तर्वार्ता अङ्क | | | | | | | लि.प. को अङ्क | कूल जम्मा | यो.क्र.नं. | कैफियत | छनौट समुह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | सदस्य | सदस्य | सदस्य सचिव | विज्ञ | जम्मा | औषत | | | | | |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |

मेडिकल सुपरिन्टेण्डेन्ट

अनुसूची - ५
(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
भरतपुर अस्पताल, भरतपुर, चितवन

मितिः

## सिफारिस सम्बन्धी सूचनाः

यस अस्पतालको विज्ञापन नं. .......... अनुसार ........सेवा...........समुह.................श्रेणी ...................... पदको .............................. माग पद संख्या .... को लागि मिति ................. गते संचालन भएको अन्तर्वार्तामा उपस्थित .......... जना उम्मेदवारहरुको लिखित परीक्षाको प्राप्तांक र अन्तर्वार्ताको औषत अंक समेतको कूल प्राप्तांकको आधारमा देहायबमोजिमको योग्यताक्रम कायम हुनआएकोले करार नियुक्तीका लागि सिफारिस गर्ने मिति ..................... को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचनाप्रकाशन गरिएको छ ।

**सिफारिस योग्यताक्रमः**

| योग्यताक्रम नं. | रोल नं. | उम्मेद्वारको नाम, थर | बाबु/आमाको नाम | बाजेको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**वैकल्पिक योग्यताक्रमः**

| वै. यो. नं. | रोल नं. | उम्मेद्वारको नाम, थर | बाबु/आमाको नाम | बाजेको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

मेडिकल सुपरिटेण्डेन्ट

अनुसूची-६

(दफा १० को उपदफा (५) सँग सम्बन्धित)

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

भरतपुर अस्पताल, भरतपुर, चितवन

## करार सेवा सम्झौता ढाँचा

लिखितम भरतपुर अस्पताल, भरतपुर, चितवन (यसपछि "प्रथम पक्ष" भनिनेछ) र .................. को .............................. (यसपछि "द्वितीय पक्ष" भनिनेछ) बीच सेवा लिने दिने सम्बन्धमा निम्नलिखित शर्तहरु दुवै पक्षले पालना गर्ने गरी भरतपुर अस्पताल करार तथा ज्यालादारी सेवा कार्यविधि, २०७९ बमोजिम यो करारनामा गर्न हामी दुवै पक्ष मञ्जुर छौं ।

**करारको बिषयः** प्रथम पक्षलाई .............. पदमा रही तोकिएको कार्य गर्ने कर्मचारी आवश्यकता परेको र द्वितीय पक्षले उक्त पदमा रही कार्य गर्न मञ्जूरी जनाएको सम्बन्धमा भएको हो ।

**प्रस्ताव र स्वीकृतिः** द्वितीय पक्षले तलका शर्तहरुको पालना गर्ने गरी कार्य गर्न स्वीकार गर्दछ ।

(१) सेवाको किसिमः करार

(२) करार अवधिः ......महिना/बर्ष

(३) काम गर्नुपर्ने स्थानः भरतपुर अस्पताल, भरतपुर, चितवन ।

(४) मासिक पारिश्रमिकः

(क) तलबः अस्पताल विकास समितिले तोके बमोजिम ।

(ख) भत्ताः अस्पताल विकास समितिले तोके बमोजिम ।

(ग) प्रथम पक्षले लगातार ६ महिना अवधि पूरा गरेपछि मात्र द्वितीय पक्षलाई चाडपर्व खर्च (एक महिनाको तलब स्केल बराबर) उपलब्ध गराउनेछ ।

(५) काममा लगाइने अवधिः हप्ताको ४० घण्टा अस्पतालको काम गर्ने समय हुनेछ र आवश्यकता अनुसार थप समयसमेत काम गर्नु पर्नेछ । द्वितीय पक्षले अन्य सरकारी तथा गैरसरकारी संस्थामा काम गर्न पाउने छैन र गरेमा निजको करारनामा भङ्ग गरिनेछ ।

(६) सम्झौता भङ्ग हुने अवस्थाः द्वितीय पक्षले करार भङ्ग गर्न चाहेमा १ महिनाको पूर्वसूचना प्रथम पक्षलाई दिनु पर्नेछ । १ महिनाको पूर्वसूचना नदिएमा वा १ महिना नपुग्दै करार भङ्ग गरेमा द्वितीय पक्षको १ महिनाको तलब भत्ता बराबरको रकम असुल गर्ने गरी मात्र राजीनामा स्वीकृत गर्न सकिनेछ ।

(७) हाजिरीः

(क) कर्मचारीको सबै समय अस्पतालको अधीनमा हुनेछ र जुनसुकै समयमा पनि कर्मचारीलाई काममा लगाउन सकिनेछ ।



मेडिकल सुपरिन्टेण्डेन्ट

(ख) द्वितीय पक्षले अस्पतालबाट निर्धारित समयमा नियमित रुपमा अस्पतालमा उपस्थित भई हाजिर जनाई आफूलाई सुम्पिएको जिम्मेवारी बहन गर्नु पर्नेछ र अस्पतालबाट निर्धारित समयपश्चात् हाजिर जनाएर मात्र अस्पताल छाड्नु पर्नेछ ।

(ग) द्वितीय पक्षले अस्पतालमा उपस्थित भै हाजिर जनाएपछि आफ्नो विभागीय प्रमुख वा इन्चार्जको अनुमति विना अस्पताल समयमा कार्यस्थल छोडी अन्यत्र जान पाइनेछैन ।

(घ) अख्तियारवालाले अस्पतालबाट निर्धारित समयमा कुनैपनि वेला द्वितीय पक्षले उपस्थित भई हाजिर जनाए/नजनाएको, तोकिएको स्थानमा बसी तोकिएको काम गरे/नगरेको बारेमा अनुगमन हुँदा द्वितीय पक्ष बिदा स्वीकृत नगराई अस्पतालको समयमा अनुपस्थित रहेको वा उपस्थित भएता पनि आफुलाई तोकिएको स्थानमा बसी कार्य नगरेको कारण अस्पतालको काममा बाधा पुगेको देखिएमा द्वितीय पक्षलाई प्रथम पक्ष वा प्रथम पक्षले तोकेको अधिकारीले गयल जनाई तलब भत्ता कटाउन आदेश दिन सक्नेछ वा कसुरको प्रकृति हेरी प्रथम पक्षले करार भङ्ग समेत गर्न सक्नेछ ।

(ङ) द्वितीय पक्षले आफूलाई तोकिएको समय तालिकामा बिदाको पूर्वसूचना नगराई वा पूर्वसूचना नदिई अस्पतालमा अनुपस्थित भएको फेला परेमा प्रथम पक्षले करार भङ्ग गर्न सक्नेछ ।

(च) द्वितीय पक्षले तोकिएको कार्य नगरेमा वा आलटाल गरेमा वा लापरवाहीपूर्ण काम गरेमा वा आदेश नमानेमा वा अस्पताललाई हानिनोक्सानी पुर्‍याउने कार्य गरेमा प्रथम पक्षले द्वितीय पक्षको करार भङ्ग गर्न सक्नेछ ।

(८) बिदा: भरतपुर अस्पताल करार तथा ज्यालादारी सेवा कार्यविधि बमोजिम हुनेछ ।

(९) सुबिधाहरु:

(क) आवास सुविधा: उपलब्ध हुने छैन ।

(ख) सवारी सुविधा: उपलब्ध हुने छैन ।

(ग) अध्ययन, तालिम तथा सेमिनार सम्बन्धमा अस्पताल विकास समितिले तोकेबमोजिम हुनेछ ।

(घ) उपचार सुविधा: समितिले तोकेबमोजिम हुनेछ ।

(१०) आचरण:

(क) द्वितीय पक्षले अनुशासनमा रही आफ्नो सेवा र पद अनुसारको कर्तव्य इमान्दारी र तत्परताका साथ पालना गर्नुपर्नेछ ।

(ख) द्वितीयं पक्षले अस्पतालको काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेश शिघ्रताका साथ पालना गर्नु पर्नेछ ।

(ग) द्वितीय पक्षले आफूभन्दा माथिका सबै पदाधिकारी प्रति उचित आदर देखाउनु पर्नेछ तथा आफूसरह र मुनिका कर्मचारीप्रति उचित व्यवहार देखाउनु पर्नेछ ।



मेडिकल सुपरिटेन्डेन्ट

(घ) द्वितीय पक्षले अस्पतालका सेवाग्राही, बिरामी र बिरामीका कुरुवा प्रति उचित आदर र सम्मानपूर्ण व्यवहार देखाउनु पर्नेछ ।

(ङ) द्वितीय पक्षले कुनै पनि प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिशन वा गैरकानूनी रुपमा रकम लिन पाउने छैन ।

(च) द्वितीय पक्षले कर्मचारीहरु बीच वैमनश्यता उत्पन्न गराउन, अस्पतालको काममा बाधा पारी प्रदर्शन गर्न, अस्पतालको नीति विपरीत हुने गरी कर्मचारीबीच विवाद सृजना गर्ने तथा अस्पतालको मर्यादामा आँच आउने किसिमका अभिव्यक्ति व्यक्त गर्न पाउने छैन ।

(छ) द्वितीय पक्षले अख्तियारवालाको स्वीकृति नलिई आफूले सेवामा रही कर्तव्य पालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित बिषय वा आफूले लेखेको वा संकलन गरेको कुनै कागजात वा समाचार अन्य अनधिकृत कर्मचारी वा व्यक्ति वा प्रेसलाई दिन वा बताउन पाउनेछैन ।

(ज) द्वितीय पक्षले यसैसाथ संलग्न कार्य विवरण बमोजिमको कार्य सम्पादन गर्नु पर्नेछ ।

(झ) द्वितीय पक्षले अस्पताल वा सम्बन्धित विभागको प्रोटोकललाई अक्षरशः पालना गर्नु पर्नेछ ।

यदि द्वितीय पक्षले माथि उल्लेखित आचरणमध्ये कुनै एकमात्र पनि जानी–जानी पालना नगरेको ठहर भएमा द्वितीय पक्षको करार प्रथम पक्षले भङ्ग गर्न सक्नेछ ।

(ज) द्वितीय पक्षले आचरण तथा अनुशासन सम्बन्धी व्यवस्था पालना गर्नु पर्नेछ ।

(११) परिचय पत्रः प्रथम पक्षले द्वितीय पक्षलाई परिचयपत्र उपलब्ध गराउनेछ र द्वितीय पक्षले अस्पतालमा ड्यूटीमा रहेको अवस्थामा अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

(१२) पोशाकः प्रथम पक्षले पोशाक (एप्रोन/ड्रेस) उपलब्ध गराएको अवस्थामा द्वितीय पक्षले कार्यरत अवस्थामा अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

(१३) अन्य कुराहरु भरतपुर अस्पताल विकास समितिले तोके बमोजिम हुनेछ । यो करारनामा हामी दुवै पक्षको मनोमानी खुसीराजीले देहायका साक्षीहरुको रोहवरमा प्रथम पक्षको कार्यालयमा तयार गरी एकएक प्रति लियौं दियौं।

| | |
|---|---|
| ..................................<br>प्रथम पक्ष<br>भरतपुर अस्पताल, भरतपुर, चितवन । | ..................................<br>द्वितीय पक्ष<br>मेडिकल सुपरिन्टेण्डेन्ट |

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भरतपुर अस्पताल चितवन

साक्षीः

१. श्री

इति सम्वत् २०७.. साल....... महिना......गते रोज............शुभम्

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

अनुसूची–७

(दफा १० को उपदफा (५) सँग सम्बन्धित)

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

भरतपुर अस्पताल, भरतपुर, चितवन

**करार नियुक्तिको ढाँचा**

मितिः

बिषयः करार नियुक्ति ।

श्री ....................

......................... ।

महाशय,

तपाईलाई यस अस्पतालको ........... सेवा, ..............समूह,..............उपसमूह, तहको .............. पदमा मिति २०...../........../............ देखि लागु हुने गरी निम्न बमोजिमको शर्तमा १ वर्षको लागि करारमा नियुक्ति गरिएको छ अस्पतालमा उपचार सेवाको लागि आउने बिरामी र अस्पतालप्रति उत्तरदायी भई आफूलाई तोकिएको कार्य इमान्दारीपूर्वक सम्पन्न गर्नु होला ।

शर्तहरुः

(१) करार अवधिः मिति २०.................. देखि २०......... सम्म ।

(२) काम गर्ने स्थानः भरतपुर अस्पताल अस्पताल, चितवन ।

(३) काम गर्नु पर्ने समयः अस्पतालले तोके बमोजिमको समयमा काम गर्नु पर्नेछ र कर्मचारीको सबै समय अस्पतालको अधीनमा हुनेछ ।

(४) तलब स्केलः अस्पताल विकास समितिले तोकेबमोजिम हुनेछ ।

(५) भत्ताः अस्पताल विकास समितिले तोकेबमोजिम हुनेछ ।

(६) करार समाप्त हुने पूर्व शर्तः

(क) सेवाबाट राजीनामा दिँदा अस्पताललाई १ महिना अगावै सूचना दिनु पर्नेछ ।

(ख) कुनै पनि कर्मचारीको सेवा भरतपुर अस्पताल विकास समितिले तोके बमोजिम समाप्त गर्ने अधिकार अस्पतालमा रहनेछ ।

(७) सेवा, शर्त र अन्य सुविधाः करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।......................

बोधार्थः

श्री आर्थिक प्रशासन शाखा, भरतपुर अस्पताल ।

मेडिकल सुपरिन्टेण्डेन्ट